# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना नं. २८५/२०८१-८२ मितिः- २०८१/१२/४

### हलुका सवारी चालकको सेवा व्यक्ति करार सम्झौता मार्फत लिने सम्बन्धी सूचना

हलुका सवारी चालक (करार) छनौट सम्बन्धी कार्यविधि, २०७८ (संशोधनसहित) बमोजिम यस आयोगका लागी हलुका सवारी चालक करारमा छनौट गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयसम्ममा आयोगको कार्यालयमा दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम आयोगको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ वा वेवसाइट https://psc.koshi.gov.np/ बाट डाउनलोड गर्न सकिने छ।

| पद नाम | संख्या |
|---|---|
| हलुका सवारी चालक | १ |

१ **न्यूनतम योग्यता र अनुभवः**

क. नेपाली नागरिक ।

ख. न्यूनतम योग्यताः साधरण लेखपढ गर्न जान्ने।

ग. अनुभवः "ख" (B-Car, Jeep, Delivery Van) वर्गको सवारी चालक अनुमतिपत्र लिएको ५ वर्ष पुरा भएको ।

घ. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।

ङ. कुनै कानूनले अयोग्य नभएको।

२ **दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सवारी चालक अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, कार्यानुभव पत्रको प्रतिलिपी र आवेदन दस्तुर बुझाएको भौचरको सक्कलै प्रति नेपाली फाईलमा संलग्न राखि पेश गर्नुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

३ **राजस्व सम्बन्धी व्यवस्थाः** प्रदेश लोक सेवा आयोगको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्कको राजस्व खाता नं.१०००१००२०१०१०००१ राजस्व शिर्षक नं. १४२२४ (परीक्षा शुल्क) कार्यालय कोड २१०००१३०११ मा रु. २०० जम्मा गरेको सक्कलै भौचर दरखास्त फारम साथ संलग्न गर्नुपर्नेछ ।

४ **छनौट सम्बन्धी व्यवस्थाः-** आयोगबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ । (*कार्यविधि आयोगको वेवसाइटमा उपलब्ध छ ।*)

५ **कार्य गर्नुपर्ने स्थानः** आयोगको कार्यालयले तोके बमोजिम ।

६ **पारीश्रमिक तथा अन्य सुविधाः** प्रदेश सरकारको प्रचलित कानुन बमोजिम।